# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रोजगार सेवा केन्द्र
भरतपुर, चितवन
वागमती प्रदेश, नेपाल


प.सं. ०७६/७७
च. नं. ५५२९

मितिः २०७७/०२/२५

श्री वडा कार्यालयहरु सवै (१-२९).
भरतपुर महानगरपालिका ।

विषयः आयोजना उपलब्ध गराउने बारे।

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानिय तहहरुवाट सञ्चालन हुने आयोजनाहरु कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि. २०७६ को दफा ५ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि. २०७६ को दफा २९.३० र ३१ यसैसाथ संलग्न छ । उक्त दफा वमोजिम आयोज्नाहरु छनोट गरि आगामी आ.व. २०७७/२०७८ मा सञ्चालन हुने रोजगारमुलक आयोजनाका लागि प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

.............................
प्रेमराज जोशी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ०५६-५२०१६७,५२१४६७,५३००६२,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६-५२००१४
E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषद्बाट महानगरपालिका घोषणा मिति: फागुन २७, २०७३)


Scanned with CamScanner

५. <u>आयोजना सञ्चालनका क्षेत्र</u>: यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुभित्र पर्ने आयोजना मात्र छनौट गर्नु पर्नेछः

(क) सडक निर्माण तथा मर्मत सम्भार :-

- स्थानीय तहभित्रका वस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकवाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई :-

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट वजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी :-

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसरफाई :-

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार

(ङ) शिक्षा :-

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार :-

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन :-

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण



Scanned with CamScanner

आयोजनाको ढाँचा: (१) आयोजनाका लाभग्राहीहरूलाई रोजगारीमा संलग्न गराउन देहाय बमोजिमको क्षेत्रमा सार्वजनिक पूर्वाधार मर्मत, सम्भार तथा सुधारसम्बन्धी आयोजना सञ्चालन गर्न सकिनेछ :

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

(क) सडक मर्मत सम्भार:-

- स्थानीय तह भित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक मर्मत सम्भार,
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको मर्मत सम्भार ।

(ख) कृषि तथा सिंचाई:-

- सिंचाई कुलो तथा पैनीको मर्मत सम्भार,
- पोखरी तथा पानीको मूल संरक्षण एवम् मर्मत सम्भार,
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार तथा तरकारी तथा फलफूल संकलन तथा बिक्री केन्द्रको मर्मत सम्भार ।

(ग) ग्रामिण खानेपानी:-

- खानेपानी आयोजनाहरुको मर्मत सम्भार ।

(घ) स्वास्थ्य तथा सरसफाई:-

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृहको मर्मत सम्भार,
- सार्वजनिक शौचालयको मर्मत,
- फोहोर व्यवस्थापनका पूर्वाधारको मर्मत सम्भार ।

(घ) शिक्षा:-

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खानेपानीको धारा, खेल मैदानको मर्मत सम्भार ।

(ङ) वन तथा जलाधार संरक्षण:-

- फलफुलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण,
- पहिरो तथा वाढी नियन्त्रण तथा सो को पूर्वाधारको मर्मत,
- साना बाँधको मर्मत सम्भार ।

(च) पर्यटन:-

- पदमार्ग, पर्यटकीय क्षेत्र तथा सार्वजनिक स्थलहरुको मर्मत,

(२) आयोजनाबाट देहायका सार्वजनिक सेवाका कार्यहरु समेत कार्यान्वयन गर्न सकिनेछ:

(क) बालबालिका तथा जेष्ठ नागरिक स्याहारसम्बन्धी सेवा,

(ख) खेलकुद क्रियाकलापसम्बन्धी सेवा,



Scanned with CamScanner

(ग) बालबालिकाको प्रारम्भिक शिक्षासम्बन्धी सेवा,

(घ) स्थानीय तहमा गरिने विभिन्न अभियान तथा सचेतनाका क्रियाकलापहरू ।

(३) आयोजनाको वित्तीय श्रोतबाट देहायका क्रियाकलापहरु कार्यान्वयन गर्न सकिनेछैन:-

(क) उपदफा (१) र (२) मा उल्लेख गरिएको भन्दा फरक ढाँचाको तथा स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रममा समावेश नभएका आयोजना,

(ख) भूमि अधिग्रहण तथा पुनर्वास आवश्यक पर्ने आयोजना,

(ग) पुरातात्विक महत्वका सम्पदालाई नकारात्मक प्रभाव पार्ने आयोजना,

(घ) संरक्षित क्षेत्र तथा वातावरणीय जोखिमा रहेका आयोजना,

(ङ) भुस्खलन हुन सक्ने, जैविक विविधतामा ह्रास ल्याउने, खानेपानीको गुणस्तर तथा परिमाणलाई घटाउने तथा वातावरणलाई नकारात्मक प्रभाव पार्ने आयोजना,

(च) मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वा जोखिम सिर्जना गर्ने, र

(छ) यस कार्यविधिको परिच्छेद १५ बमोजिमको वातावरणीय तथा सामाजिक व्यवस्थापन खाकाले कार्यान्वयन योग्य नरहेको भनी निर्क्योल गरेका आयोजना ।

३०. **आयोजनाको तर्जुमा**: (१) स्थानीय तहले स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को प्रक्रिया अवलम्वन गरी यस आयोजनाको लागि रोजगार आयोजनाहरूको तर्जुमा गर्नु पर्नेछ ।

(२) रोजगार सेवा केन्द्रले यस आयोजना मार्फत कार्यान्वयन गरिने आयोजनाको ढाँचा तथा प्रकृतिका सम्बन्धमा वडा समितिलाइ अभिमुखीकरण दिनु पर्नेछ ।

(३) रोजगार सेवा केन्द्रले यस आयोजना मार्फत कार्यान्वयन गरिने आयोजनाहरुको छनौटका लागि वडा समितिमा आवश्यक भूमिका निर्वाह गर्नु पर्नेछ ।

(४) वडा समितिबाट प्राप्त रोजगार आयोजनाहरु यस आयोजनाको मापदण्ड पुरा गरेको सुनिश्चित गरी सोको सूची स्थानीय निर्देशक समिति मार्फत गाउँ/नगर कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

३१. **आयोजनाको स्वीकृति**: स्थानीय तहले देहायको आधारमा आयोजनाहरु छनौट गरी वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी स्वीकृति भएको हुनु पर्नेछ:-

(क) आयोजना श्रम प्रधान हुनु पर्ने,

(ख) सामाजिक र आर्थिक उन्नतिमा सघाउ पुर्याउने,

(ग) लाभग्राहीहरूको लागि सामान्यतः एक घण्टाको पैदल दूरी भन्दा कम समयमा पुग्न सकिने कार्यस्थल भएको आयोजना ।

३२. **रोजगारीमा खटाउने**: (१) स्थानीय तहले वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका आयोजनामा यस आयोजनाको लागि छनौट भएका सूचिकृत बेरोजगारहरूलाई रोजगारीमा खटाउनु पर्नेछ ।



Scanned with CamScanner